# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाचौर, रोल्पा
(लुम्बिनी प्रदेश, नेपाल)

Mbl no.:9857824566/9857821234
Email: lungrimun@gmail.com
website:www.lungrimun.gov.np
www.facebook.com/lungrimun


पत्र संख्याः ०७६/७७
चलानी नम्बरः

प्रथम पटक प्रकाशित मितिः २०७७/०२/२०

मितिः२०७७/०२/२०

## कोभिड विशेष कृषि कार्यक्रमको प्रस्तावना आहाव्न सम्बन्धि सूचना ।

चालु आ.ब.२०७६/०७७ मा यस लुङ्ग्री गाउँपालिका रोल्पाको कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक कृषक, कृषि समूह, कृषि सहकारी, कृषि फर्मले आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०७७/०२/२० देखि २०७७/०३/०२ गते भित्र) सम्बन्धित वडा कार्यालयमा रित पूर्वक तपसिल विवरण पेश गरी दर्ता गर्नु हुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क.स | कार्यक्रमको नाम | मुख्य कार्यको विवरण | न्यूनतम मापदण्ड | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कोभिड लक्षित व्यवसायिक तरकारी खेति प्रवर्द्धन कार्यक्रम | व्यवसायिक खेती गर्नका लागि मल, बिउ, विषादी, स-साना कृषि औजार,बाली संरक्षणका सामाग्रीहरु, स्प्रे, सिचाइका लागि आवश्यक सामाग्री खरिद गर्ने | कार्यक्रममा समावेश हुनेले २ रोपनी वा ३ कठ्ठा खेती गर्नु पर्ने छ | अनुदान ग्राहीलाई बढीमा रु २० हजार वा विल अनुसारको ७५ प्रतिशत रकम | |
| २ | विदेशबाट फर्केका र व्यवसायिक उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम | तरकारी खेती, फुलफुल खेती, मौरी पालन, च्याउ खेती, कुखुरा पालन, बंगुर वा बाखा पालन को लागि आवश्यक पर्ने विउ, पाठापाठी, मल,विषादी, सा-साना कृषि औजार,स्प्रे ट्याङ्की, सिंचाइको लागि आवश्यक सामाग्रीहरु खरिद गर्नका साथै पलाष्टिक घर र गोला खरिद साथै खोर निर्माण गर्ने | तरकारी तथा फलफुलको हकमा ३ देखि ५ कठ्ठा खेती गर्ने, मौरीको ३ घार, च्याउको हकमा कम्तिमा ५० गोला, कुखुरा पालनको हकमा कम्तिमा ५० चल्ला, बंगुर तथा बाख्राको हकमा कम्तिमा ५ वटा पाठापाठी पालने कृषक समावेश हुन सक्ने छन् | अनुदान ग्राहीलाई बढीमा रु २० हजार वा विल अनुसारको ७५ प्रतिशत रकम | |

**पेश गर्ने कागजातहरुः**

१. निवेदन फाराम
२. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्र वा विदेशबाट फर्किएको भए प्रमाण पत्रको फोटोकपी
३. अनुसुचि-४ अनुसारको प्रस्तावना ढाँचा
४. जग्गा धनीको लाल पुर्जाको फोटोकपी
५. सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र

पुनश्चः

१. कार्यसम्पन्न भई बिल पेश भएपछि सम्बन्धित कृषक, कृषि समूह, कृषि सहकारी वा कृषि फर्ममा बैक खातामा रकम भुक्तानी गरिने छ ।
२. वडा कार्यालयले रितपूर्वकको निवेदन संकलन गरी तेरिज विवरण सहित २०७७/०३/०३ गते भित्र पालिकाको कृषि/पशु शाखामा अनिवार्य पेश गर्ने व्यवस्था गर्ने ।
३. भारत र तेस्रो मुलुकबाट आई क्वारेन्टाइनमा बसेकालाई प्राथमिकता दिइने छ ।
४. एक परिवारले कुनै एउटा कार्यक्रममा मात्र निवेदन दिन सक्नेछन ।
५. कार्यसमपन्न २०७७ असार १२ गते भित्र सम्ममा गरि बिल भर्पाई पेश गरिसक्नुपर्ने छ ।

.................................
प्रमुख प्रशासकीय अधिकृत
रविन्द्र प्रसाद चौधरी